# जन्तेढुङ्गा गाउँपालिका

# आ.व. २०७५/७६

# वार्षिक बजेट, नीति तथा कार्यक्रम

# गाउँसभाद्वारा स्वीकृत मितिः २०७५/०३/२२

जन्तेढुङ्गा गाउँपालिका

खोटाङ, १ नं. प्रदेश, नेपाल

श्रीमान् सभाध्यक्ष महोदय,

गाउँसभाका माननीय सदस्य ज्यूहरु,

सम्पुर्ण अतिथि गण, र उपस्थित महानुभावहरु।

संघीय संरचना अनुरुप स्थानिय तह अन्तर्गत जन्तेढुङ्गा गाउँपालिकाको तर्फबाट यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७५/७६ को बजेत तथा नीति कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु। यस अवसरमा राजनीतिक एवम् सामाजिक रुपान्तरणको लागि जीवन उत्सर्ग गर्न हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति आर्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

करिव २० वर्ष लामो समयसम्म जनप्रतिनिधि बिहिन बनेको मुलुक गत वर्षको ऐतिहासिक स्थानियतहको निर्वाचन सम्पन्न भएपश्चात एक वर्ष पार गरी आज हामी संघिय संरचना अन्तर्गत स्थानिय सरकार सञ्चालन एवम् व्यवस्थापनको दोस्रो वर्षका कार्यखण्डमा उभिएका छौं।स्थानिय तहको ऐतिहासिक निर्वाचनबाट निर्वाचित गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरुलाई आगामी आ.व.२०७५/७६ को लागि सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

लामो समयसम्म जनप्रतिनिधिविहीन अवस्थामा समेत जनताप्रतिको सेवाभाव प्रस्तुत गरी जनताको सारथीको रुपमा भुमिका निर्वाह गर्नुभएका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु र आ.व. ०७५/०७६ को बजेट तथा नीति कार्यक्रम बनाउने काममा सहयोग गर्न अहोरत्र खट्नुभएका जनप्रतिनिधि, कर्मचारी, राजनीतिक वर्ग, विद्धत वर्ग एवम् गाउँपालिकाको विकासमा लागि पर्ने सम्पूर्ण व्यक्तित्व प्रति धन्यवाद ज्ञापन गर्दछु।

सभाध्यक्ष महोदय,

खोटाङ जिल्लाको दक्षिणी भु.भागमा अवस्थित १२८.६८ वर्ग किलोमिटर क्षेत्रफल भएको जन्तेढुङ्गा गाउँपालिकाको भविष्यको फैसलागर्ने चरणमा निर्वाचित जनप्रतिनिधि सामु थुप्रै अवसर र चुनौतिहरु पनि विद्यामन छन्।स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्व कार्यन्वयनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा केही अन्यौलता र द्विविधाका बाबजुद पनि यस जन्तेढुङ्गा गाउँपालिकाले १ वर्षको अवधिमा ठुलो प्रगति हासिल गरेको छ।

गत वर्षको अनुभव र सफल कार्यशैलीलाई आत्मसात गर्दै, विगतका राम्रा अभ्यासलाई सवलीकरण गर्दै, भूल त्रुटी तथा कमीकमजोरीलाई सुधार गर्दै नेपालको संविधान, ऐन, कानुन, मन्त्रालयहरुबाट प्राप्त परिपत्र, दिग्दर्शन र विभिन्न विषयगत सिलिङको आधारमा सहभागीता मुलक तबरले आयोजना र कार्यक्रम छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं।

सभाध्यक्ष महोदय,

अब, म आगामी आ.व. २०७५/७६ का लागि योजना तर्जुमा गर्दा लिएको मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

आ.व. ०७५/७६ को गाउँपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मागदर्शन, नीति तथा सिद्धान्तहरु, चालु, आवधिक योजनाका नीति, रणनीति र प्राथामिकताहरु, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, अर्थमन्त्रालय लगायतका विभिन्न मन्त्रालयबाट प्राप्त मागदर्शन, परिपत्र, वडा तथा वस्तीस्तरबाट प्रश्न, सुझाव एवम् जन्तेढुङ्गा गाउँपालिकाको वस्तुगत आवश्यकतालई मुख्य आधार बनाएको छ। साथै निर्वाचित गाउँसभाका सदस्य ज्यूहरुले दिनुभएको सुझाव र यस गाउँपालिका बस्तीहरुबाट प्रस्तुत रचानत्मक सुझावलाई मार्गदर्शनको रुपमा लिइएको छ।

जन्तेढुङ्गा गाउँपालिकाको आ.व. २०७५/०७६ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य आधारहरुः

- नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारको सुची।
- नेपालको संविधानमा उल्लेखित मौलिकहकहरु।
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली।
- मुलुकको आ.व. २०७५।०७६ को बजेट वक्तव्य र त्यसका मुख्य प्राथामिकताका क्षेत्रहरु।
- १ नं प्रदेशको आ.व. २०७५।०७६ को बजेट वक्तव्य र त्यसका मुख्य प्राथामिकताका क्षेत्रहरु।
- १ नं प्रदेशले लिएका लक्ष्य तथा नाराहरु।
- विनियोजित विधेयक एन,२०७५ को सिद्धान्त र
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन।
- संघिय सरकारको अगिंकार गरेका आवाधिक योजनाले लिएका नीति तथा प्राथामिकताहरु।
- संघिय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु।

- स्थानिय तहको आवधिक योजनाले तय गरेका प्राथामिकताहरु।
- नेपालले अन्तराष्ट्रियजगतमा जनाएका प्रतिवद्वताहरु।
- स्थानिय स्वायत्त शासन ऐन, २०५५र नियमावली , २०५६ का प्रावधानहरु।
- विकासका समसामायिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु समावेशी विकास बाल मैत्री स्थानिय शासन , वातावरण मैत्री स्थानिय शासन, खोल्ला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित बिषयहरु।
- स्थानिय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४।
- जन्तेढुङ्गा गाउँपालिका मा आवश्यक देखिएका अन्य विषयहरु।

<u>योजना आयोजना छनौट गर्दा प्राथामिकताका आधारहरु</u>

१. यस गाउँपालिकाको लागि अत्यावश्यक रहेका भौतिक पूर्वधारहरु।
२. व्यवसाहिक र उत्पादन मुलक कृषि उत्पामुलक, आत्मानिर्भर र शिघ्र प्रतिफल दिने।
३. आर्थिक विकास र गरिवी न्युनिकरणमा योगदान पुर्याउने।
४. छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने।
५. पारदर्शिता र शुसासन अभिवृद्विहुने।
६. स्थानिय स्रोत साधनलाई प्राथामिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।
७. प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने।
८. परम्परागत धर्म, संस्कृतिक, चाडपर्व मेला आदिको माध्यमबाट पर्यटन प्रवद्धन हुने।
९. पर्यटकीय प्रवद्धनको लागि पर्यटकीय स्थलहरुको प्रवद्धन।
१०. अर्थ मन्त्रालयको लिखित निर्देशनहरु।
११. स्थानिय खानेपानि व्यवस्थापन।
१२. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियम सम्बन्धी कार्य।
१३. खेलकुद विकास प्रवद्धन सम्बन्धी कार्य।
१४. स्थानिय यातायात व्यवस्थापन सम्बन्धी कार्य।
१५. आधारभुत स्वास्थ्य र सरसफाइ सम्बन्धी कार्य।
१६. आधारभुत सेवा प्रवाहका लागि संचालन हुने कार्यक्रम तथा आयोजनाहरु।

सभाध्यक्ष महोदय,

आ.व. २०७५।७६ को बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. नागरिकका मौलिक हकको प्रत्याभुति गराउँदै, जीवनयापनका न्युनतम आधारभुत आवश्यकताहरु शीघ्र परिपुर्ति गर्दै चरम गरिवी विपन्नता र पछौटेपनको अन्त्य गर्ने।
२. साधन स्रोतको उच्चतम उगपयोग गरी यस गाउँपालिकाका नगरिकहरुलाई काम र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रहरुको खोज , विस्तार र प्रवद्धन गर्ने ।
३. सार्वजनिक सेवा प्रवाहको गुणस्तर आभिवृद्धि गरि नागरिकलाई अनुभुति हुने प्रकारको शसासन दिलाउने।
४. शिक्षा ,स्वास्थ्य, खानेपानी जस्ता मानव विकासका आयामहरुमा लगानी अभिवृद्धि गर्ने।
५. कृषि क्षेत्रको विकास गरि यस क्षेत्रका जनतालाई कृषिमा आत्मानिर्भर बनाई निर्यात मार्फत प्रतिफल अभिवृद्धि गर्ने।

श्रीमान् सभाध्यक्ष महोदय,

हामीले यस आ.व. २०७५।०७६ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगमी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन्।

<u>जन्तेढुङ्गा गाउँपालिकाका समष्टीगत नीतिहरु</u>

- मुलुकको लक्ष्य, नीति तथा कार्यक्रम, संघ तथा प्रदेशको प्राथमिकता, दिशानिर्देशन र आवधिक योजनाले लिएका नीति तथा लक्ष्य अनुरुप यस जन्तेढुङ्गा गाउँपालिकाले योजना तथा आयोजनाहरुको बजेट निर्धारण गरेको छ।
- कृषिलाई आदुनिकरण र व्यवसायिकरण गरी गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारको रुपमा बिकास गरिनेछ।
- विकास निर्माणमा हुने ढिलासुस्ती र प्रकृयागत झन्झटलाई अन्त्य गर्न नसकेको खण्डमा हामी लक्ष्यमा पुग्न कठिन हुने यथार्थलाई आत्मसात गर्दै यस आ.व. देखि गुण्सतरीय विकास निर्माण गर्न अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी, बस्तुगत र जवाफदेही बनाइने नीति लिइनेछ।
- पूर्वाधार विकास र रोजगारमैत्री कार्यक्रम मार्फत जन्तेढुङ्गा गाउँपालिका बासीलाई आर्थिक समृद्धीको महशुस गराउन आवश्यकिय कार्यक्रम लाइनेछ।
- हाम्रो जन्तेढुङ्गा गाउँपालिकाको भौगोलिक विकटता र पूर्वाधारको कमीलाई मध्य नजर गर्दै यसलाई समस्याग्रस्त गाउँपालिका होइन सम्भावना युक्त गाउँपालिका बनाउने लक्ष्यका साथ अगाडी बडिनेछ।

- वडास्तरीय भेलाबाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा बढी वडाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौत गरिएको छ।
- भौगोलिक विकटता र परनिर्भताको बजार हाम्रो गाउँपालिकाको चुनौति रहेको कुरालई आत्मसात गर्दै एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत सम्भावना अध्ययान र समृद्धीको आधार तय गरिनेछ।
- जनसहभागीतालाई प्रोत्साहन गर्दै विकास निर्माणका कार्यमा आर्थिक अनुशासन र पारदर्शिता कायम गर्दै हाम्रो गाउँ राम्रो बनाउँ कार्यक्रमलाई अगाडी बडाइनेछ।
- फोहोर मैला व्यवस्थापनलाई थप सशक्त र प्रभावकारी बनाइनेछ।
- जन्तेढुङ्गा, भानुमति, हुमापोखरी, कुईभिर तथा छौड्डा चण्डीथानलाई धार्मिक स्थालको रुपमा विकास गरी आन्तरिक पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

## आर्थिक विकास सम्बन्धी नीतिहरु

- पशुपालन र कृषिको लागि सम्भाव्यता अध्ययान तथा व्यवसहीकरणमा जोड दिइनेछ।
- कृषकहरुलाई अर्गानिक खेतीको लागि प्रोत्साहन गर्दै नगदेबाली र व्यवसायिक खेतीमा आकर्शित गरिनेछ साथै उच्च मुल्यका कृषि उपजहरुको उत्पादन बढाई निर्यात वृद्धि गर्न प्रोत्साहन दिनेछ।
- रोजगारीका लागि उत्पादन कार्यक्रम मार्फत प्रत्येक वर्ष रोजगारी वृद्धि गर्ने कार्यक्रम तय गरिनेछ।
- आर्थिक समृद्धि प्रधान गर्ने ठोस योजनामा बजेट लगानी गरिनेछ।
- कृषि क्षेत्रलाई स्थानिय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ। प्रमुख बालीहरुको उत्पादनमा आत्मानिर्भर हुने नीति लिइनेछ।सिचाई र बिउबिजनको उपलब्घतामा जोड दिइनेछ।पशु जन्य उत्पादनका कार्यक्रमलाई प्रोत्सहान दिइनेछ।
- उत्पादन मुलक रोजगारीको अवसर सिर्जना हुने कार्यक्रम र आयोजनाहरुलाई विशेष प्राथमिकता दिइनेछ।

## भौतिक पूर्वाधार सम्बन्धी नीतिहरु

- गत वर्ष स्थानियले गाउँगाउँमा सडक सन्जाल विस्तारको मुख्य प्राथमिकता दिइएको यथार्थलाई आत्मसात गर्दै गाउँ बस्तीमा भएका साधारण सडक मर्मत कार्यहरुमा गाउँ बस्ती स्तरका जनसमुदायलाई आफ्नो पन महशुस गराई बाटोघाटोको संरक्षण गर्न प्रोत्सहान गरिनेछ।

- जलस्रोत, सिचाई, खानेपानी र विद्युतको लागि ठुला परियोजना संचालन गर्ने सम्भाव्यता अध्यायनको र कार्यक्रम संचालन गरिनेछ।
- उज्यालो जन्तेढुङ्गा अभियान अन्तर्गत विद्युतीकरण मार्फत गाउँपालिकाका सबै वडाहरुमा विद्युत सेवा उपलब्ध गराउने थालनी गरिनेछ।
- वस्तुगर आवश्यकतालाई मध्य नजर गर्दै पूर्वधार विकासको, विषयगत कार्यक्रमको भवन निर्माण तथा मर्मत सम्भार गर्ने योजना बनाइनेछ।

## सामाजिक विकास सम्बन्धी नीतिहरु

- गाउँपालिका भित्रका विद्यालयहरुलाई वस्तुगत आवश्यकताको आधारमा शैक्षिक सामग्री उपलब्ध गराई गुणस्तरीय शिक्षाको जग बसाइनेछ।
- बाललमैत्री विद्यालयका पूर्वधारहरु अपनाउन विद्यालयहरुलाई दिशा निर्देश गरिनेछ। साथै आवश्यकता हेरी कार्यक्रमको संचालन र व्यवस्थापन ध्यान दिइनेछ।
- स्वास्थ्य क्षेत्रको विकासलाई प्राथमिकता दिई अनिवार्य आवश्यकताका समाग्री, औषधि तथा उपकरणको व्यवस्थापनाका लागि विशेष जोड दिइनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्र चिसापानीलाई अस्पातल बनाउने प्रयास थालिन्छ।
- लैङ्गिक समनता, तथा सामाजिक समावेशीकरण प्रवधन गर्न महिला, बालबालिका, दलित, युवा, जेष्ठ नागरिक, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्तिहरुको लागि आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- लक्षित वर्गको जिविकोपार्जन सुधार, आर्थिक तथा क्षमता विकास, पहुंच अभिवृद्धि एवम् सशक्तिकरणको लागि लक्षित कार्यक्रम संचालन गरिनेछ।
- नमुना विद्यालय संचालन एवम् व्यवस्थापनको लागि जनाएका प्रतिवद्धताहरु पुरा गर्न प्रोत्सहान दिइनेछ।
- खानेपानी, स्वास्थ्य, शिक्षा जस्ता आधारभुत आवश्यकतमा सबैको पहुच सुनिश्चित गरिनेछ।साथै खानेपानीको व्यवस्था गर्न योजनाहरु संचालन गरिनेछ।
- एक घर एक धारा खानेपानी योजनाको सम्भाव्यता अध्ययन गरी DPR बनाइनेछ।
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको सुनिश्चितताका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ। साथै शिक्षा तथा स्वास्थ्य क्षेत्रमा संचालित कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरिनेछ।

## वातावरण तथा विपद् व्यवस्थापान सम्बन्धि नीति

- सडक तथा मैदानको छेउ छेउमा पर्याप्त वृक्षारोपण गर्न सम्बन्धित वन शाखा वा कार्यालयलाई सशक्त बनाइ आम नागरिकलाई सुशुचित बनाउने कार्यक्रमहरु संचालन गरिनेछ।
- प्रकृतिक एवम् मानविय संकट र प्रकोपबाट पूर्व सुरक्षा व्यवस्थापन र क्षेतिपुर्तिलाई वैज्ञानिक रुपमा संचालन गरिनेछ।
- वातावरण तथा जल वायु मैत्री पूर्वधारको विकासमा जोड दिइनेछ। वन क्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपुर्ण वनस्पति तथा जडिबुटीको प्रशोधनमा निजी तथा सामुदायिक संस्थालई सहभागी बनाइनेछ।
- वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि काम गर्ने निकायबिच सहकार्य, समन्वय साथै प्रभावकारी अनुगमन मुल्याङ्कन गरिनेछ।
- नेपाल सरकारले आ.व. २०७५/७६ लाई राष्ट्रिय सरसफाइ अभियान वर्षको रुपमा मनाउने घोषणालाई आत्मसाथ गर्दै सरसफाइ सम्बन्धि कार्यक्रम नियमति रुपमा संचालन गरिनेछ।

## संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन सम्बन्धि नीति

- सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो, छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाइनेछ। सामाजिक सुरक्षा भत्ता पाउने थप व्यक्तिहरुको अधावदिक र नामावली हटाउनु पर्ने व्यक्तिहरुको नामावली हटाउदै फोटो सहितको विवरण तथा आद्यावदिक गर्दै लगिनेछ।
- पञ्जिकरणलाई नियमित र व्यवस्थिय गरिनेछ।
- पदाधिकारी एवम् कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ। सोका लागि आवश्यक बजेट र कार्यक्रम संचालित गरिने छ।
- सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई आवश्यक फर्निचर, कम्प्युटर तथा मेशिन औजारको व्यवस्था गरी जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था मिलाईने छ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पेशागत अनुशासन प्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टचारमुक्त र जनउतरदायी बनाइनेछ। र भ्रष्टचार प्रति शुन्य सहनशिलतको नीति अवलम्वन गरिनेछ।

- गाउँपालिकाले कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गरी दण्ड र पुरस्कारको व्यवस्था मिलाइनेछ।
- स्थायी कर्मचारीहरुलाई दिइदै आएको ५०% प्रोत्साहन भत्तालाई यस वर्ष निरणतता दिइएको छ।
- स्थानिय स्वायत्ताको प्रवर्द्धन गर्दै गाउँपालिकाले राजस्वका क्षेत्र पहिचान गरी दायेरा विस्तार एवम् समयसापेक्ष परिमार्जन गर्ने नीति अवलम्बन गरिनेछ।
- आन्तरिक राजस्व परिचालन गर्न नागरिक स्वयलाई कर दायित्वको जिम्मेवारी बोध गराउन जोड दिइनेछ।
- संस्थागत विकास, तथा अन्य क्षेत्रगत र विषयगत तर्फका योजना तथा परियोजना कार्यन्वयन पक्षलाई उत्तरदायी र जवापदेही बनाई प्रवाकारी अनुगमन तथा मुल्याङ्कन गर्ने नीति अवलम्बन गरिनेछ।

# बजेट तथा कार्यक्रम

मानिनय सभाध्यक्ष ज्यू,
तथा गाउँसभाको माननिय सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०७५/७६ मा संचालन गरिने कार्यक्रमहरु र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।

आ.व. २०७५/७६ को वार्षिका आय तथा व्यायको अनुमान यस प्रकार रहेको छ।यस गाउँपालिकाको कुल बजेट २६ करोड २९ लाख ११ हजार आठ सय रहेको छ।

**आय तर्फ विस्तृत विवरण यस प्रकार रहेको छ।**

१. वित्तिय समानिकरण अनुदान ६ करोड ७७ लाख, संघिय सरकारबाट।
२. सशर्त अनुदान १२ करोड ४१ लाख, संघिय सरकारबाट।
३. राजस्व बाँडफाडबाट प्राप्त ५ करोड १४ लाख ४५ हजार, संघिय सरकारबाट।
४. वित्तिय समानिकरण ३३ लाख १३ हजार, प्रदेश सरकारबाट।
५. थप अनुदान २३ लाख १३ हजार, प्रदेश सरकारबाट।
६. हाम्रो आन्तरिक राजश्व अनुमान १५ लाख, आन्तरिक स्रोत।
७. गत आ.व.को विद्युत शिर्षकबाट ८५ लाख, मौज्दात।
८. वडा नं २ को खर्च हुन नसकेको ७ लाख ५० हजार, मौज्दात।
९. वडा नं ३ को खर्च हुन नसकेको १३ लाख ६० हजार, मौज्दात।

१०.	वडा नं ५ को खर्च हुन नसकेको १९ लाख २० हजार, मौज्दात।

जम्मा २६ करोड २९ लाख ११ हजार आठ सय

**वडा गत अनुदान यस प्रकार रहेको छ।**

१. वडा नं १, ६९ लाख ५० हजार।
२. वडा नं २, ७१ लाख ५० हजार।
३. वडा नं ३, ७० लाख ५० हजार।
४. वडा नं ४, ७३ लाख ५० हजार।
५. वडा नं ५, ७८ लाख ५० हजार।
६. वडा नं ६, ६८ लाख ५० हजार।

जम्मा ४ करोड ३२ लाख

गाउँपालिका स्तरीय योजनाको विनियोजित रकम

सडक ६७ लाख, शिक्षामा ५५ लाख ७५ हजार, स्वास्थ्यमा ४० लाख, कृषिमा ६० लाख, पशुधन तथा वागवानी विकास खर्च २५ लाख, पर्यटन १० लाख, युवा तथा खेलकुद १५ लाख, महिला बालबालिका विकास १० लाख, घरेलु साना उद्योग खाडी प्रशोधन ५ लाख, जन्तेढुङ्गा महत्सव १७ लाख, सूचान तथा संचार ९ लाख, फोहोर मैला व्यवस्थापन ५ लाख, स्वयमसेविका प्रोत्साहन भत्ता १ लाख ६५ हजार, राधाकृष्ण मन्दिर चिसापानी ३ लाख, अपाङ्ग दलित कार्यक्रम ५ लाख, विपत व्यवस्थापन ५ लाख र भैपरी आउने पुजिगत २ करोड १६ लाख ३२ हजार ९ सय जम्मा गरी ५ करोड ४९ लाख ७२ हजार ९ सय।

चालु तर्फ ३ करोड ९७ लाख ३८ हजार ९ सय चालु तर्फको विस्तृत विवरण चालु बजेटको फाटबारीमा राखिएको छ।

अब म विषयगत बजेटको विस्तृत विवरण पेश गर्न अनुमति चाहान्छु।

मानिनय सभाध्यक्ष ज्यू,
गाउँसभाका माननिय सदस्य ज्यूहरु,

**कृषि**

- गाउँपालिकालई कृषि उपज उत्पादनमा आत्म निर्भर बनाउने नीति अवलम्बन गर्दै यसका निम्ती आवश्यक कार्यक्रम बनाईने छ।

- निवाहमुखी कृषि व्यवस्थालाई निर्यात मुखी बनाउदै लैजाने कृषिमा आधुनिकरण र व्यवसायीकरण गर्न आवश्यक कार्य योजना बनाईनेछ।
- कृषि उत्पादनका लागि माटोको परिक्षण गराई सम्भाव्यताको आधारमा कृषि पकेट क्षेत्र निर्धारण गरी पशुपालन, मात्स्य पालन र फुलफल खेती क्षेत्र निर्धारण गरिने छ।
- कृषिलाई व्यवसाहिक र रोजगार मुलक बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरिने छ।
- खाद्य सुरक्षा र भण्डारणको निम्ति आवश्यक कार्यक्रम तय गरि लागु गरिने छ।
- गाउँपालिकालाई किसान मैत्रि गाउँपालिकाको रुपमा विकास गरिने छ।
- रासायनिक मलको आयातलाई कम गर्दै जैविक तथा प्राङ्गारिक मलमा जोड दिइने छ। यसका निम्ति किसानहरुलाई तालिम र प्रशिक्षणको व्यवस्था मिलाईने छ।
- गाउँपालिकालाई माछा, मासु, अण्डा र दुग्ध पदार्थमा आत्मनिर्भर गराउदै निर्यातम जोड दिई यस क्षेत्रमा रोजगारी सिर्जना गर्दै लैजाने र यसबाट आर्थिक समृद्धिको बाटो खोल्ने आवश्यक कार्यक्रम ल्याईनेछ।
- किसानहरुलाई सामुहिक, समुहगत र सहकारीको आधारमा व्यवसायिक खेती प्रणालीलाई आवश्यक सहयोग मिलाईने छ।
- कृषि विकासको निम्ति विविध कार्यक्रम संचालन गर्न रू ६० लाख बजेट विनियोजन गरेको छु।

**पशु विकास**

- गाउँपालिका क्षेत्र भित्र सम्भाव्यता अध्ययन गरी व्यवसायिक र सामुहिक पशुपालनको निम्ती किसानहरुलाई आकर्षित गरिने छ।
- नस्ल सुधार कार्यक्रम अन्तर्गत उन्नत जातको पशुपालनमा जोड दिइने छ।
- गाउँपालिका क्षेत्रभित्र दुग्ध जन्य व्यवसाय मासु जन्य उत्पादनको लागि आवश्यक नीति गत व्यवस्था मिलाईने छ।
- मासु, अण्डा र माछामा गाउँपालिकालाइ आत्म निर्भर गराउन कार्यक्रम ल्याईनेछ।
- दुग्ध व्यवसायलाई प्रोत्साहान गर्न किसानलाई समुहगत कार्यक्रमको आधारम सहयोग गर्न कार्यक्रम ल्याईने छ।
- समग्र पशुपालन र विकासको निम्ती रू. २५ लाख बजेट विनियोजन गरेको छु।

**शिक्षा**

- सार्वजनिक सामुदायिक विद्यालहरुमा शैक्षिक सुधारमा जोड दिइने छ।

- कक्षा १ देखि अनिवार्य अंग्रेजी माध्यममा शिक्षा दिन  सुरुवात गरिने छ।
- दरवन्दी विहिन विद्यालयहरुमा दरबन्दी थप गर्न आवश्यक पहल गरिने छ र निजी श्रोतबाट शिक्षक तलव सुविधा लिइरहेका शिक्षकको हकमा करार सेवामा गाउँपालिकाबाट तलब व्यवस्था मिलाईने छ।
- विद्यालय व्यवस्थापनमा विशेष जोड दिइने छ।
- गाउँपालिका भित्र १ प्राविधिक शिक्षालय स्थापनाको सम्भाव्यता अध्ययन गरिने छ।
- चिसापानी क्याम्पस संचालन गर्न आवश्यक प्रवन्ध मिलाईने छु।
- चिसापानी नमुना मा.वि.मा यसै आ.व. कृषि प्राविधिक शिक्षाको लागि प्राविधिक शिक्षा संचालनको लागि रू. ९ लाख बजेट विनियोजन गरेको छु।
- शिक्षा क्षेत्रको समग्र विकासको लागि रु. ५५ लाख ७५ हजार रुपैया विनियोजित गरेको छु।

**स्वास्थ्य सरसफाई**

- गाउँपालिका भित्रको स्वास्थ्य र सरसफाईलाई विशेष महत्वका कार्यक्रम संचालन गरिने छ।
- सबै स्वास्थ्य संस्थालाई अनलाईन माध्यममा लगिने छ।
- प्राथमिक स्वास्थ्य केन्द्र चिसापानीलाई २५ सैयाको अस्पतालमा विकास गर्न आवश्यक पहल गरिने छ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी संचालन गर्न प्रवन्ध मिलाईने छ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाईने छ।
- स्वास्थ्य केन्द्र तथा गाउँघर क्लिनिक तथा खोपकेन्द्रहरुलाई व्यवस्थित गर्न सुविधा सम्पन्न बनाउदै लैजाने आवश्यक प्रवन्ध मिलाईने छ।
- स्वास्थ्य संस्थाका कर्मचारीहरुको नियमन र व्यवस्थापनको निम्ति आवश्यक नीति र नियम बनाइने छ।
- स्वास्थ्य संस्थाहरुको जग्गा भवन लगायत पूर्वाधार विकासको क्रमागत योजना बनाइने छ।
- सुरक्षित मातृत्वको लागि गर्भवती महिलाहरुको तथ्याङ्क संकलन गरी पोषण कार्यक्रम संचालन गर्न आवश्यक नीति तर्जुमा गरिने छ।
- स्वास्थ्य क्षेत्रको समग्र विकासको निम्ति रू ४० लाख रुपैया बजेट विनियोजन गरेको छु।

**विद्युत**

- उज्यालो जन्तेढुङ्गा अभियान अन्तर्गत केन्द्रिय प्रसारण लाइन मार्फत सबै वडामा क्रमागत विद्युतिकरण क्रमागत विद्युतिकरण कार्यक्रम ल्याइएको छ।
- खोटाङ — चिसापानी, चिसापानी — दिप्लुङ, चिसापानी — काहुले विद्युत लाईन विस्तार कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- चिसापानी बजारमा सोलर पावरबाट सडक बत्तिको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।
- समग्र विद्युत विकासको निम्ती रू ८५ लाख विनियोजन गरेको छु।

**वन र वातावरण**

- कृषि, वन र वातावरण सम्बन्धी आवश्यक नीति बनाइ लागु गरिने छ।
- सामुदायिक वन, कबुलियती वन र नीजि वनहरुको अभिलेख संकलन गरी व्यवस्थापन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिने छ।
- वातावरण संरक्षण गर्न जनसभागितामा आधारित "धर्ति बचाउ" अभियान संचालन गर्ने कार्यक्रम ल्याइने छ।
- जंगली जनवारहरुको प्रकोपबाट किसानलाई जोगाउन आवश्यक सम्भाव्यता अध्ययन गरिने छ।
- वन्य जन्तुबाट पिडित क्षेत्रहरुको पहिचान गरी आगामी वर्षमा त्यस्ता क्षेत्रका वासिन्धाहरुको नीम्ति आवश्यक कार्यक्रम ल्याइने छ।
- समग्र वन, वातावरण र वन्य जन्तुसँग सम्बन्धि आवश्यक कार्यक्रमको लागि बजेट तर्जुमा गरिने छ।

**पर्यटन**

- गाउपालिका भित्रको महत्वपूर्ण धार्मिक सास्कृतिक पर्यटकिय क्षेत्रहरुलाई पर्यटन क्षेत्रको रुपमा विकास गर्न आवश्यक पूर्वधार विकासको कार्यक्रम ल्याईने छ।
- भानुमति, जन्तेढुङ्गा, हुमापोखरी कुईभिर, पन्चकन्या पोखरी देविस्थान, कन्या औतारी मन्दिर, खन्या बासे होम्माथान, सोकोपेडाडा बोपुङ र छोङखा चण्डिथानलाई पर्यटन केन्द्रको रुपमा प्रवद्धन गर्न आवश्यक कार्यक्रम ल्याईने छ।
- कुइभिर डाडामा प्याराग्लाईडिङ्ग र रक क्लाइम्बिगंको सम्भाव्यता अध्ययन गरिने छ।

- पर्यटन पूर्वधारको निम्ती आन्तरिक र बाह्रय पर्यटकको निम्ती प्राकृतिक पर्यटन कार्यक्रमलाई प्राथमिकता दिन होम स्टे लगायतको पूर्वधार विकासमा जोड दिइने छ।
- जन्तेढुङ्गा गाउँपालिकाको पर्यटकिय महत्वलाई उजागर गर्न विविध परिचयात्मक कार्यक्रमहरुको संचालन गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र सम्भाव्य स्थानमा विमान स्थलको निर्माणको नीम्ति प्रदेश सरकार र संघिय सरकारसँग सहकार्यमा सम्भाव्यता अध्ययन गरिने छ।
- समग्र पर्यटन क्षेत्रको विकासको निम्ति रू. १० लाख बजेट विनियोजन गरेको छु।

## सडक तथा पुल

- गाउँपालिका भित्रको भूभागलाई समेटेर एक चक्र पथ Ring Road निर्माणको सम्भाव्यता अध्ययन गरिने छ।
- निर्मित बाटोहरुलाई व्यवस्थित गर्न र विस्तार गर्न आवश्यक प्रवन्ध मिलाईएको छ।
- बोपुङ – मैनाटार, धोर्ले कार्तिके – लिकुवा सडक र सोभे सात्मारा वाहायल वाराहापोखरी सडक र खासिङ सडक निर्माण कार्यलाई पुरा गर्न प्राथमिकता राखिएको छ।
- चिसापानी देविस्थान फेदी हुदै तराई जोड्ने छोटो बाटो निर्माणको लागि DPR निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ।
- समग्र सडक निर्माण कार्यको लागि यो शिर्षकमा ६७ लाख विनियोजन गरेको छु।

## युवा खेलकुद

- जन्तेढुङ्गा गाउँपालिको भित्रको युवाहरुलाई निम्ती रोजगारी र स्वावलम्वन कार्यक्रम संचालन गरिने छ।
- वैदेशिक रोजगारलाई व्यवस्थित गर्न स्वरोजगार बनाई आफ्नो ठाउँमा वस्ने वातावरण बनाउन आवश्यक सिप विकासको लागि तालिम दिने व्यवस्था गरिने छ।
- युवा लक्षित कार्यक्रमको माध्यमबाट युवाहरुलाई रचनात्मक र श्रृजानात्मक कार्यक्रकममा सहभागी गराईने छ।
- यस समग्रमा यस शिर्षकमा रु. १५ लाख बजेट विनियोजन गरेको छु।

## महिला बालबालिका

- महिलाहरुको निम्ती आयआर्जन मुखी कार्यक्रमहरु तर्जुमा गरिने छ।

- लैङ्गिक हिंसा, घरेलु हिंसा जस्ता समाजको विकृति विरुद्ध कार्यक्रम संचालनमा ल्याईने छ।
- महिला अधिकार, मानव अधिकार र समानुपातिक सहभागीताका निम्ती आवश्यक कार्यक्रम तय गरिन्छ।
- सिप विकास र रोजगारीमा पहुच बनाउने विशेष कार्यक्रम तर्जुमा गरिने छ।
- बालबालिकाको  शिक्षा, स्वास्थ्य र पोषणको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यक्रम संचालन गरिने छ।
- समग्रमा महिला तथा बालबालिका विकासको निम्ति रु. १० लाख विनियोजन गरेको छु।

**दलित अपाङ्ग उत्थान कार्यक्रम**

- पिछडीएको र सामाजिक अवसरहरुबाट पछि परिएको दलित समुदायको निम्ति आय आर्जन र सशक्तिकरणको निम्ति आवश्यक कार्यक्रम बनाइने छ।
- अपाङ्ग र अशक्तहरुको निम्ति आय मुलक कार्यक्रम मार्फत स्वरोजगारको लागि आवश्यक तालिम प्रशिक्षणको लागि कार्यक्रम बनाईने  छ।
- दलित अपाङ्ग कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरेको छु।

**घरेलु तथा कुटीर उद्योग र खाडी प्रशोधन**

- स्थानिय श्रम, सिप र कच्चा पदार्थलाई उपयोग गर्दै घरेलु तथा कुटीर उद्योग स्थापना गर्न जनतालाई अभिप्रेरित गरिनेछ छ।
- खाडी कपडा ढाका कपडा अल्लोबाट धागो उत्पादन जस्ता कार्यलाई प्राथमिकाताको साथ अघिवडाउन आवश्यक सिपको लागि तालिमहरुको प्रवन्ध मिलाइने छ।
- स्थानिय स्तरमा पाइने फलफुलबाट जाम, जेरी, जुस र हल्का पेय पदार्थहरुका उत्पादनमा लाग्न उद्योग व्यवसायीहरुलाई प्रेरित गरिने छ।
- खाद्य प्रशोधण, जडिबुटी लगायतका प्रशोधन गरी रोजगारी सृजना गर्न पूर्वधार तयार गरिने छ।
- खाडी कपडाको प्रवद्धन गर्न विशेष जोड दिइने छ।
- घरेलु तथा कुटीर उद्योग (खाडी प्रशोधन) कार्यको लागि रु. ५ लाख विनियोजन गरेको छु।

**जन्तेढुङ्गा महोत्सव**

हाम्रो पौरख हाम्रो गौरव हाम्रो जन्तेढुङ्गा

भन्ने मुल नाराको साथ  हाम्रो गाउँपालिकाको नाम जोडिएको जन्तेढुङ्गा ऐतिहासिक महत्वको जन्तेढुङ्गा महोत्सवको आयोजना गरी जन्तेढुङ्गालाई परिचीत गराउने कार्यक्रम तयार गरिएको छ। यसको निम्ती रु. १७ लाख छुट्याएको छु।

## सूचना तथा संचार, सूचना प्रविधि सुधार

१. सूचना तथा संचारको माध्यमबाट गाउँपालिकालाई डिजीटलाईज गर्दै लैजाने आवश्यक प्रवन्ध मिलाईने छ।
२. जनताको कार्य छिटो, छरितो र व्यवस्थित गर्न ई- सेवा प्रविधिबाट सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईने छ।
३. समग्रमा सूचना तथा संचार क्षेत्रको लागि रू. ९ लाख विनियोजन गरेको छु।

## फोहोर मैला व्यवस्थापन

गाउँपालिकालाई सुन्दर स्वस्थ्य राख्न फोहोर मैला व्यवस्थापनको प्रवन्ध मिलाइएको छ। फोहोर व्यवस्थापनको निम्ति रु. ५ लाख विनियोजन गरेको छु।

## स्वास्थ्य स्वयम सेविका प्रोत्सहान

स्वस्थ्य जस्तो सम्वेदन सिल क्षेत्रमा निरन्तर निस्वार्थ रुपमा अहोरात्र खटिनु भएका स्वास्थ्य स्वयमसेविकाहरुलाई न्युन भए पनि प्रोत्साहित गर्न प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाईएको छ। स्वास्थ्य स्वयम सेविकाहरुलई प्रति महिना रू १ हजारको प्रोत्साहन भत्ता व्यवस्था मिलाएको छु।

यस प्रोत्साहन भत्ताको लागि रु. १ लाख ६५ हजार विनियजन गरेको छु।

## राधाकृष्ण मन्दिर

चिसापानी बजारमा एक राधाकृष्ण मन्दिर निर्माण गर्न रू. ३ लाख विनियोजन गरेको छु।

## भैपरी आउने पुजिगत

गाउँपालिकाको यस आ.व. २०७५/७६ को लागि भैपरी आउने पुजिगत शिर्षक तर्फको बजेट व्यवस्थापना गरिएको छ।यस शिर्षक रू. २ करोड १६ लाख ३२ हजार ९ सय विनियोजन गरेको छु।

**बिपद व्यवस्थान**

प्राकृतिक तथा मनविय बिपदबाट उत्पन्न हुने जोखिमहरुको व्यवस्थापन गर्नका निम्ति स्थानिय सरकारको कर्तव्य र दायित्वलाई मनन गर्दै यस आ.व.मा रु. ५ लाख विनियोजन गरेको छु।

**गरिवी निवारण**

खुसी सुखी समृद्ध जन्ता भन्ने हाम्रो मुख्य अभियान अन्तर्गत जनताको आयआर्जन र रोजगारको अधिकारलाई ख्याल गर्दै विविध आय मुलक कार्यक्रम संचालन गरी गरिवी निवारण गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ।

समुदाय गठन र परिचालनबाट स्थापित गरिवी निवारण कार्य अन्तर्गतको कोषलाई व्यवस्थित गर्दै गरिवी न्युनिकरणमा जोड दिइने छ।

माननिय सभाध्यक्ष ज्यू तथा सभाका गाउँसभाका माननिय सदस्य ज्यूहरु

अब म पुजिगत र चालु तर्फको विनियोजित गाउँपालिका स्तरिय र वडागत शिलिङ्गको आधारमा योजना शिर्षकहरुको  विस्तृत विवरण पेश गर्न अनुमति चाहान्छु।यस बजेटमा शिर्षक वाइज रकम तोकिएको छैन। योजना शिर्षकमा रहेको योजनाहरुलाई प्राविधिक स्टिमेटको आधारमा बजेट निर्धारण गरी पछि गाउँकार्यपालिकाको बैठकले निर्णय गरे अनुसार बजेट कार्यन्वयन गरिने छ।

| आ.व. ०७५/०७६ को आय स्रोत | | | |
|---|---|---|---|
| सि.नं. | स्रोत | वजेट रकम | |
| १ | वित्तीय समानीकरण | ६७७०००००० | संघीय सरकार |
| २ | शसर्त अनुदान | १२४१०००००० | संघीय सरकार |
| ३ | राजश्व बाँडफाँड | ५१४५५००० | संघीय सरकार |
| ४ | वित्तीय समानीकरण | ३३१३००० | प्रदेश सरकार |
| ५ | थप अनुदान | २३१३००० | प्रदेश सरकार |
| ६ | राजश्व अनुमान | १५००००० | आन्तरिक श्रोत |
| ७ | गत आ.व. को विद्युत | ८५००००० | मौज्दात |
| ८ | वडा नं. ०२ को | ७५०८०० | मौज्दात |
| ९ | वडा नं. ०३ को | १३६०००० | मौज्दात |
| १० | वडा नं. ०५ को | १९२०००० | मौज्दात |
| | जम्मा | २६२९११८०० | |

| आ.व. ०७५/०७६ को व्याय स्रोत | | | |
|---|---|---|---|
| सि.नं. | कार्यक्रम | बजेट रकम | |
| १ | सडक | ६७०००००० | |
| २ | शिक्षा | ५५७५००० | |
| ३ | स्वास्थ्य | ४००००००० | |
| ४ | कृषि | ६०००००० | |
| ५ | पशुधन तथा वागवानी विकास | २५००००० | |
| ६ | पर्यटन | १०००००० | |
| ७ | युवा तथा खेलकुद | १५००००० | |
| ८ | महिला बालबालिका विकास | १०००००० | |
| ९ | घरेलु साना उद्योग खाडी प्रशोधन | ५००००० | |
| १० | जन्तेढुङ्गा महत्सव | १७००००० | |
| ११ | सूचना तथा संचार | ९००००० | |
| १२ | फोहोर मैला व्यवस्थापन | ५००००० | |
| १३ | स्वयम सेविका प्रोत्साहन भत्ता | १६५००० | |
| १४ | राधा कृष्ण मन्दिर, चिसापानी | ३००००० | |
| १५ | अपङ्ग दलित कार्यक्रम | ५००००० | |
| १६ | विपद व्यवस्थापन | ५००००० | |
| १७ | भैपरी आउने पुजीगत | २१६३२९०० | |
| | जम्मा | ५४९७२९०० | |

| वडागत अनुदान | | | |
|---|---|---|---|
| सि.नं. | वडा नं | रकम | |
| १ | १ | ६९५0000 | |
| २ | २ | ७१५0000 | |
| ३ | ३ | ७0५0000 | |
| ४ | ४ | ७३५0000 | |
| ५ | ५ | ७८५0000 | |
| ६ | ६ | ६८५0000 | |
| | जम्मा | ४३२00000 | |

| आ.व. २०७५/७६ गाउँपालिकास्तरीय चालु बजेट | | | | स्रोत |
|---|---|---|---|---|
| क्र.सं. | खर्च सङ्केत नं. | बजेट उपशिर्षक | विनियोजन | |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ५५०००००० | |
| ३ | २११२१ | पोसाक | २००००० | |
| ४ | २११३१ | स्थानीय भत्ता | ८००००० | |
| ५ | २११३२ | महंगी भत्ता | ५००००० | |
| ६ | २११३३ | फिल्ड भत्ता | ५००००० | |
| ७ | २११३४ | कर्मचारी बैठक भत्ता | २००००० | |
| ८ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १५०००००० | |
| ९ | २११३९ | अन्य भत्ता | ४००००० | |
| ११ | २११४२ | पदाधिकारी अन्य सुविधा | ५०००००० | |
| १२ | २२१११ | पानी तथा विजुली | २००००० | |
| १३ | २१११२ | सञ्चार महसुल | ५००००० | |
| १४ | २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ५००००० | |
| १५ | २२२११ | इन्धन (पदाधिकारी) | ५००००० | |
| १६ | २२२१२ | इन्धन कार्यायल प्रयोजन | ७००००० | |
| १७ | २२२१३ | सवारी साधन मर्मत खर्च | ६००००० | |
| १८ | २२२१४ | वीमा तथा नविकरण खर्च | २००००० | |
| १९ | २२२२१ | मेशिनरी तथा ओजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६००००० | |
| २० | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १०००००० | |
| २१ | २२३११ | मसलन्द तथा कार्यालय सामग्री | २६३८९०० | |
| २२ | २२३१३ | पुस्तक तथा सामग्री खर्च | ५००००० | |
| २३ | २२३१४ | इन्धन-अन्य प्रयोजन | ५००००० | |
| २४ | २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १०००००० | |
| २५ | २२४११ | सेवा र परामर्श खर्च | १०००००० | |
| २६ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ६००००० | |
| २७ | २२४१३ | करार सेवा शुल्क | ३२०००००० | |
| २८ | २२४१४ | सरसफाई सेवा शुल्क | ५००००० | |
| २९ | २२४१९ | अन्य सेवा शुल्क | १०००००० | |
| ३० | २२५११ | कर्मचारी तालिम खर्च | ५००००० | |
| ३१ | २२५१२ | सीप विकास तालिम तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च | ५००००० | |
| ३२ | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च | २००००० | |
| ३३ | २२५२२ | कार्यक्रम खर्च | ५००००० | |
